मिति: २०८०/१२/०९
श्री सचिव ज्यू
सचिव, सूचना तथा संचार मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल ।

**विषय: सूचना प्रविधि तथा साइबर सुरक्षा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा उपर सुझावको लागि थप समय उपलब्ध गराउने सम्बन्धमा**

महोदय,


नेपालको सूचना प्रविधि तथा साइबर सुरक्षाको सम्बन्धमा आवश्यक व्यवस्था गर्नको लागि तहाँ मन्त्रालयले "सूचना प्रविधि तथा साइबर सुरक्षा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०" को मस्यौदा तयार गरी मन्त्रालयको वेवसाइट मार्फत सरोकारवालाको सुझाव माग गर्ने कार्य सह्राहनीय छ । लामो समय देखि सूचना प्रविधिको क्षेत्रमा देखिएको कानुनको अभावबाट सिर्जित समस्याहरुलाई यस विधेयकले नेपाली सूचना तथा संचार प्रविधि एवं साइबर सुरक्षाको सम्बन्धमा देखिएका समस्याहरुलाई सम्बोधन गर्ने विश्वास हामीले लिएका छौं ।

यस विधेयकका व्यवस्थाले हामीहरु लगायतका पक्षहरुसँग सारभूत सरोकार राख्दछ । यस विधेयकको व्यवस्थाहरुमा गहराईमा गई यस कानुनको प्रभावको सन्दर्भमा विज्ञ तहबाट विश्लेषण गरी सरोकारवालाहरुसँग थप छलफल पश्चात समग्र सुझाव पेश गर्न हामी सरोकारवालाहरुको तयारी भइराखेको जानकारी गराउन चाहन्छौं । तर, मन्त्रालयले मस्यौदा उपर सुझाव पेश गर्न तोकिएको समय समग्र विश्लेषण तथा छलफलको लागि अत्यन्त न्यून भएको कारण कम्तीमा पनि थप तिस (३०) दिनको अवधि थप गरीदिनुहुन सादर अनुरोध छ।

साथै, सरोकारवालाहरुको सुझाव पश्चात बहुसरोकारवालाहरु सँग छलफल गरी प्रस्तावित विधेयकलाई अन्तिम रुप दिनु उचित हुने हामी सवैको ठम्याई छ ।



श्री बाबुराम अर्याल
प्रमुख कार्यकारी अधिकृत
**इन्टरनेट गभर्नेन्स इन्स्टीच्यूट**
(आइजीआई)




श्री समीत जन थिं
अध्यक्ष
**नेपाल नेटवर्क अपरेटर्स ग्रुप**
(एनपीनग)




श्री रुपेश भक्त श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत
**इन्टरनेट एक्सचेन्ज नेपाल**
(एनपीआईएक्स)



श्री विक्रम श्रेष्ठ
अध्यक्ष
**नेपाल इन्टरनेट फाउण्डेशन**
(एनआईएफ)



श्री आनन्दराज खनाल
अध्यक्ष
**नेपाल डिजिटल लिड्स**



श्री लोचन अमात्य
अध्यक्ष
**नेपाल रिसर्च एण्ड एजुकेशन नेटवर्क** (एनरेन)